## सूचना

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।

**नेपाल सरकार**
**सञ्चार सूचना तथा प्रविधि मन्त्रालय**
*सूचना विभाग*

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

## डा.केसी र सरकारबीच भएको सहमतिलाई कांग्रेसले गर्‍यो स्वागत



पृष्ठ ३ मा

वर्ष-१२ ।। अङ्क : १६९ ॥ २०७७ असोज २६ गते सोमबार (12th Oct. 2020,Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

## दुई मन्त्रीलाई कोरोना पुष्टि

*बिर्तामोड (प्रस)* । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेललाई कोरोना भाइरस पुष्टि भएको छ । शनिबार ज्वरो आएपछि पाटन अस्पताल भर्ना भएका थिए । परीक्षणका क्रममा उनलाई कोरोना संक्रमण पुष्टि भएको मन्त्री पोखरेलका स्वकीय सचिव पुरन केसीले बताए । उनका अनुसार मन्त्री पोखरेल अहिले पनि अस्पतालमै छन् ।

यसअघि शनिबार पर्यटनमन्त्री योगेश भट्टराईलाई पनि कोरोना संक्रमण पुष्टि भएको थियो । आफूलाई संक्रमण भएको जानकारी मन्त्री भट्टराईले सामाजिक सञ्जालबाट दिएका छन् । शनिबार गरिएको परीक्षणबाट उनमा कोरोना पुष्टि भएको हो । भट्टराईले कोरोना संक्रमणपछि लक्षणका रुपमा आफूलाई हल्का ज्वरो आएको उल्लेख गरेका छन् ।

## मेचीनगरबाट ब्राउनसुगरसहित दुई पक्राउ



*मेचीनगर (प्रस)* । लागुऔषध र त्यसका प्रयोगकर्ता समातिरहेको झापा प्रहरीले आइतबार पनि दुई जनालाई ब्राउनसुगरसहित पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापा, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागबाट खटिएको संयुक्त टोलीले मेचीनगरको ईँटाभट्टाबाट दुईजना प्रयोगकर्तालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मेचीनगर-७ का ३५ वर्षिय सुवास दर्जी र मेचीनगर-८ का ३५ वर्षकै सञ्जीव राजवंशी रहेका छन् । उनीहरुका साथबाट १५७ ग्राम ब्राउनसुगर बरामद भएको जिल्ला प्रहरी कार्यालयले झापाले जनाएको छ ।

झापाका प्रहरीका प्रवक्ता डिएसपी राकेश थापाले केही दिनयता दैनिकजसो लागू पदार्थका प्रयोगकर्ता पक्राउ पर्दै आएको बताए । पक्राउ परेकालाई काँकरभिट्टा प्रहरीको हिरासतमा राखेर अनुसन्धान सुरु गरिएको छ ।

## झापामा अहिलेसम्मकै बढी संक्रमित

*झापा (प्रस)* । झापामा अहिलेसम्मकै सबैभन्दा बढी ५५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जसमा १९ जना महिला र ३६ जना पुरुष छन् । एकैपटक १० वटा पालिकामा संक्रमण पुष्टि भएको हो । जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार सबैभन्दा बढी दमक नगरपालिकामा २५ जनालाई संक्रमण पुष्टि भएको छ । त्यस्तै, बिर्तामोड नगरपालिकाका १५ जनामा पनि संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।संक्रमित महिला तथा पुरुष सबै जना स्थानीय हुन् । मेचीनगरका २ जना र भद्रपुरका एक जना संक्रमित बैंकका कर्मचारी हुन् भने बिर्तामोडका ९ जना स्वास्थ्यकर्मी रहेको फोकल पर्सन जीवन चौंलागाईले जानकारी दिएका छन् ।उनका अनुसार मेचीनगरका ५ जना पुरुष, भद्रपुरका १ महिला, २ पुरुष, बिर्तामोडका ५ महिला र १० पुरुषमा संक्रमण पुष्टि भएको छ । त्यस्तै, दमकमा ११ महिला र १४ पुरुषमा संक्रमण पुष्टि भएको हो ।बाह्रदशी गाउँपालिका र शिवसताक्षी नगरपालिकामा समान ११ जना महिला, झापा गाउँपालिका, कनकाई र गौरादहमा समान ११ जना पुरुष तथा कमल गाउँपालिकामा एक जना पुरुषमा संक्रमण पुष्टि भएको छ ।

**पूर्वाञ्चल क्यान्सर हस्पिटलका ९ जनालाई संक्रमण**

पूर्वाञ्चल क्यान्सर हस्पिटलका ९ सहित बिर्तामोड नगरपालिकामा १५ जनालाई संक्रमण पुष्टि भएको छ । संक्रमित हुनेमा पूर्वाञ्चल क्यान्सर हस्पिटल बिर्तामोडका मेडिकल सुपरिन्टेन्डेन्ट डा. वीरेन्द्र यादव पनि रहेका छन् । विराटनगरको विराट मेडिकल कलेजमा पिसिआर परीक्षण गराउँदा उनीहरुमा पोजिटिभ देखिएको हो । क्यान्सर रोग विशेषज्ञ डा. यादव आफैले पनि आइतबार विहान सामाजिक सञ्जालमार्फत जानकारी गराएका थिए ।उनले आफू निको नभएसम्म ओपिडी सेवामा उपस्थित हुन नसक्ने जनाएका छन् । तर, हस्पिटलले त्यसबारे जानकारी दिन खोजेको छैन । त्यस्तै बिर्तामोडमा सेन्चुरी बैंकमा कार्यरत एक कर्मचारीलाई पनि संक्रमण पुष्टि भएको छ । त्यस्तै वडा नं १ , २ र ३ का अन्य पाँच जनालाई संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

**प्रदेश १ मा थपिए ४०९ संक्रमित**

प्रदेश १ मा पछिल्लो २४ घण्टामा ४०९ जना कोरोना संक्रमित थपिएका छन् । एक हजार १०४ जनाको पिसिआर परीक्षण गर्दा १३२ महिला र २७७ जना पुरुषको रिपोर्ट पोजेटिभ आएको छ । मोरंगमा २३६, सुनसरीमा ९७, उदयपुरमा ८, इलाम, पाँचथर र सोलुखुम्वुमा २-२, धनकुटा र खोटाङमा १-१ र प्रदेश १ बाहिरका २० जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार विराटनगरमा १९७ जनामा संक्रमण देखिएको छ । कोरोना पोजेटिभ देखिएकामा ७५ महिला र १२२ पुरुष छन् । मोरङको सुन्दरहरैचामा १२, बुढीगंगामा ७, बेलबारीमा ५, उर्लाबारीमा ३, रंगेली, पथरीशनिश्चरे र धनपालथानमा २-२, कटहरी र सुनबर्षीमा १-१, लेटाङ, ग्रामथान, जहदा र मिक्लाजुङका १-१ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

सुनसरीको इटहरीमा ४८, दुहवीमा १२, इनरुवामा ७, धरान, बराहक्षेत्र र रामधुनीमा ६, बर्जुमा ५, हरिनगरमा ३, गढीमा २, देवानगञ्ज र स्थानीय तह नखुलेका १-१, उदयपुरको त्रियुगामा ८, इलामको देउमाई र सुर्योदयमा १-१, पाँचथरको फिदिममा २, सोलुखुम्वुको थुलुङ दुधकोशी र स्थानीय तह नखुलेका १-१, धनकुटाको महालक्ष्मीमा १, खोटाङको खोटेहाङमा १ र प्रदेश १ बाहिरका २० जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा कोरोना संक्रमितको संख्या १० हजार ३ सय पुगेको छ । प्रदेश १ मा आइतबार २५ जना डिस्चार्ज भएका छन् । नोवेल मेडिकल कलेज विराटनगरबाट १८, कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रबाट ६ र होम आईसोलेसनबाट १ जना डिस्चार्ज भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । हालसम्म डिस्चार्ज हुनेको संख्या ४ हजार ८१२ पुगेको छ ।

**२४ घण्टामा दुई हजार ७१ संक्रमित थपिए : २२ जनाको मृत्यु**

पछिल्लो २४ घण्टामा नेपालमा दुई हजार ७१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । योसँगै नेपालमा संक्रमितको संख्या एक लाख सात हजार ७५५ पुगेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमका अनुसार काठमाडौं उपत्यकामा मात्र १४ सय १६ जनामा संक्रमण पुष्टि भएको छ । प्रवक्ता गौतमका अनुसार नेपालमा सक्रिय संक्रमितको संख्या ३१ हजार ३१५ पुगेको छ । अहिले संस्थागत आइसोलेशनमा १३ हजार ६४९ जना रहेका छन् भने होम आइसोलेशनमा १७ हजार ६६६ जना छन्। यस्तै

❖बाँकी अन्तिम पृष्ठमा

## मोरङमा हातधुने अभियान सञ्चालन

*झापा (प्रस)* । मोरङ जिल्लामा साबुनपानीले हात धुने महाअभियानको औपचारिक थालनी गरिएको छ । मोरङको बेलबारी नगरपालिका र रतुवामाई नगरपालिकाबाट अभियानको औपचारिक थालनी गरिएको हो ।

बेलबारी नगरपालिकाको वडा नं. ९ मा आयोजना गरिएको औपचारिक थालनी कार्यक्रममा अपांगता भएका ९ जना बालबालिकाले साबुनपानीले हात धोएर अभियानको औपचारिक आरम्भ गरेका हुन् । मोरङ जिल्लामा विश्व हातधुने दिवस २०२० को अवसरमा एक लाख घरधुरीमा साबुनपानीले हात धुवाउने लक्ष्य लिइएको छ ।

यसैगरी, मोरङकै रतुवामाई नगरपालिका- ७ मा रहेको स्वास्थ्य चौकीमा साबुनपानीले हात धोएर अभियानको औपचारिक थालनी गरिएको छ। बेलबारी नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, स्वास्थ्य शाखा प्रमुख, नगरपालिकाका कर्मचारी र स्वास्थ्य संस्थाका कर्मचारी, स्थानीय बासिन्दालगायतले स्वास्थ्य सेवा केन्द्रहरु सफाइ गर्नुका साथै साबुन पानीले हात धोएर अभियानको औपचारिक थालनी गरिएको थियो ।

शुक्रबार औपचारिक थालनी गरेपछि अक्टुबर १० देखि १५ सम्म घरधुरीमा केन्द्रित भएर सबै घरधुरीमा अभियान सञ्चालन गरिने सरसफाई अभियानका कार्यक्रम अधिकृत शर्मिला चौधरीले जानकारी दिइन् । ग्लोबल स्यानिटेसन फण्ड कार्यक्रमको साझेदार संस्था नारी विकास संघको सहजीकरणमा पूर्ण सरसफाई अभियान सञ्चालन भैरहेका स्थानमा साबुनपानीले हातधुने महाअभियान सञ्चालन गरिएको छ ।

यसैगरी, जहदा गाउँपालिकामा समेत शुक्रबार नै साबुनपानीले हातधुने महाअभियानको औपचारिक थालनी गरिएको छ ।

अपांगतामैत्री संरचना निर्माणमा जोड यस वर्षको विश्व हात धुने दिवसको अवसरमा मोरङमा आयोजना गरिएको हातधुने महाअभियान फरक अवस्था र फरक क्षमतामा रहेका अर्थात् अपांगता भएका, सीमान्तकृत, वञ्चितीमा पारिएका र विकासको मूल प्रवाहीकरणमा समेटिन नसकेका प्रति समर्पित गरिएको छ । त्यसैले, हातधुने महाअभियानको औपचारिक थालनी अपांगता भएका व्यक्तिहरुबाट गरिएको छ ।

'फरक क्षमता र अवस्था भएका कोही पनि विकासको मूल प्रवाहीकरणबाट बाहिर नहोऊन् भन्ने हेतुले यस पटकको विश्व हातधुने दिवसमा फरक क्षमतालाई विशेष जोड दिइएको हो', ग्लोबल स्यानिटेसन फण्ड कार्यक्रम/यू.एन. ह्याबिट्याटका जिल्ला संयोजक विनोद शर्माको भनाइ छ, 'दिगो विकास लक्ष्यले समेत कोही छुट्न नहुने कुरामा जोड दिएको छ, जुन हामीले पूर्ण सरसफाइ अभियानमा

❖बाँकी पृष्ठ ३ मा

## दूतावासको पहलमा १९ लाख जरिवाना छुट, पीडित नेपाली सकुशल फर्किए



*युएई (प्रस)* । नेपाल फर्किने सिलसिलामा जरिवाना तिर्न नसकेका १७ नेपाली कामदारहरुको करिब १९ लाख रुपैयाँ नेपाली दूतावास अबुधाबीको पहलमा मिनाहा भएको छ । दुबईको फ्लेक्स मेनेजमेन्ट कम्पनीमा कार्यरत नेपालीहरुको गत जुलाई १२ तारिखदेखि बिना भिसा युएईमै बस्न बाध्य भएकाले ओभरस्टे स्वरुप युएई दिराम ६० हजार तिर्न नसकेका कारण उनीहरू एयरपोर्टबाट फर्किएका थिए । नेपाली दूतावास अबुधाबीले दुबई इमिग्रेसनसँग समन्वय गरेर उक्त जरिवाना माफी गरिदिएको र यस कार्यमा नेपाली दूतावास अबुधाबीका जनसम्पर्क अधिकारी मोहम्मद इर्फानले अतुलनीय योगदान गरेको नेपाली दूतावास अबुधाबीकी श्रम काउन्सिलर निर्मला थापाले जानकारी दिइन् । काउन्सिलर थापाका अनुसार उक्त कम्पनीमा कोभिड-१९ का कारण नियमित काम चल्न नसकेर ३ सय ५८ जना नेपाली रोजगारविहीन भएको र दूतावास साथै सामाजिक संघसंस्थाको सहयोगमा उनीहरूलाई खाना तथा अन्य सहयोग उपलब्ध गराउदै आइएको थियो । उनका अनुसार दूतावासको पहलमा सम्बन्धित कम्पनीबाट सबैलाई हवाई टिकट उपलब्ध गराइएको हो भने दूतावास र नेपाली समाज युएईको पहलमा एस्टर क्लिनिकबाट १७ जना नेपाली कामदारहरुको निःशुल्क पिसिआर गराइएको छ । पिसिआर गराउन व्यवस्थापनको महत्वपूर्ण काममा नेपाली समाज युएईका महासचिव वेदप्रसाद अर्यालले योगदान गरेको काउन्सिलर थापाले बताइन् । उनीहरुलाई शुरुमा एनआरएनले खान र बस्नको व्यवस्थापन गरेको थियो भने लामो समयसम्म रेखदेख गर्न नसक्ने भन्दै एनआरएनए युएई पछि हटेको पीडित नेपाली कामदारहरुले सार्वजनिक रूपमा बोल्न थालेका थिए । पछिल्लो पटक पीडितहरु आक्रोशित बन्दै जाँदा परिस्थिति गम्भीर हुन लागेको अवस्थामा नेपाली दूतावास अबुधाबीले विषयवस्तुलाई टेकओभर गरेर पीडित नेपालीहरुको पक्षमा सकारात्मक काम गरेको पत्रकार मेघराज सापकोटाले प्रतिक्रिया दिएका छन् । उनीहरू अक्टोबर ११, आइतबार नेपाल एयरलाइन्सको जहाजबाट नेपाल फर्किसकेका छन् ।



**GREEN FIELD WORLD SCHOOL**
*Birtamode-1, Jhapa, Nepal*



**Admission Open**
**From**
**Nursery to Grade IX**

Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np

## लावतीले निकाले आफ्नो वंशावली



*दमक (प्रस)* । लिम्बु समुदायका लावती जातिले पहिलोपटक संग्रहित वंशावली निकालेका छन् । झण्डै १ सय ८० बर्ष पुरानो जातीय इतिहास समेटेको पापोहाङ्ग लावती लिम्बु जातिको बंशावली पुस्तक दमकमा सार्वजनिक गरिएको हो ।

किराती समुदायका लिम्बु जातिमध्येका लावती थरका जातिले ५४ पुस्तालाई समेटेर २ सय ८४ पृष्ठको वंशावली पुस्तक सार्वजनिक गरेको हो ।

सो पुस्तक समुदायका अगुवा खड्गबहादुर लावती, ज्ञानुदय लावती र जितबहादुर लावतीले संयुक्तरुपमा लोकार्पण गरे ।

छैटौ शताव्दीदेखि लिम्बु जातिले गरे भोगेका र बसोवासको थातथलोलाई समेटेर पछिल्लो पुस्ताले बीस बर्ष लगाएर पुस्तक तयार गरिएको पत्रकार समेत रहेका प्रकाशन समूहका महासचिव विजयबोध लावतीले बताए ।

देशभर छरिएर रहेका २५ सयबढी घर धुरीलाई समेटेर भव्य कार्यक्रमकाबीच गर्ने भनिएको कार्यक्रम कोराना भाइरस संक्रमणका कारण निश्चित पदाधिकारी र अगुवाहरुबीच सार्वजनिक गरिएको आयोजक पापोहाङ्ग लावती सयङले जनाएको छ । कार्यक्रममा यसअघि विक्रम सम्बत् १९८९ देखि हस्त लिखितबाट बंश संकलन गर्ने नवापसिंह, शेरबहादुर, कृष्णबहादुर लावतीको तस्वीरमा माल्यार्पण गरिएको छ । यी चार जनाले विभिन्न कालखण्डमा संकलन गर्दै आएको हस्तलिखित बंशावलीलाई पाँचौ चरणमा प्रकाशन गरिएको पापोहाङ लाओती सयङ केन्द्रीय समितिका महासचिव कान्छा लावतीले बताए ।

कोहेड (COHED) कलेजमा

**कक्षा ११को भर्ना खुल्यो**

**विज्ञान:** म्याथ/वायलोजी
**व्यवस्थापन:** कम्प्युटर साइन्स, होटेल मेनेजमेन्ट, विजनेश स्टडिज
**मानविकी:** रुरल डेभलपमेन्ट, सोसियोलोजी, अंग्रेजी, मास कम्युनिकेशन

एसईईको जिपिएको आधारमा छात्रबृत्तिको व्यवस्था गरिएको छ।
फर्म वितरण भइरहेको छ।
**कार्यालय खुल्ने समय:** विहान ७:०० बजेदेखि दिउसो ४:०० बजेसम्म
असोज २१ गतेदेखि कक्षा ११को अनलाइन कक्षा सञ्चालन हुनेछ।

सम्पर्क: **कोहेड (COHED) कलेज**
बिर्तामोड, झापा
फोन नं. ०२३५४२८२४, ९८४२६३४३१९, ९८४२६३४३१२

**आस्था कस्मेटिक**
एण्ड जेनेरल स्टोर



कस्मेटिक आइटम
गिफ्ट आइटम
कुर्ता सुरुवालका कपडा तथा अन्य रेडिमेड कपडा

9806018268 I 9852684268
बिर्तामोड भद्रपुर रोड कालिका चोक
एडभान्स सेकुवा कर्नर नजिकै

# सीमा क्षेत्रमा फेरि पटका बरामद



**झापा (प्रस)** । भारतबाट अबैध रुपमा भित्र्याउँदै गरेको आतिशबाजी वस्तु प्रहरीले फेरि बरामद गरेको छ ।
शनिबार भारतबाट लुकाइछिपाइ भित्र्याउँदै गरेको चकलेट बम ६० बट्टा र नागिन पटका १५ बण्डिल बरामद गरेको हो । गौरादह ९ स्थित प्रहरी चौकी कुन्जीबारीबाट खटिएको प्रहरी टोलीले चेकजाँचका क्रममा ती प्रतिबन्धित वस्तु बराद गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । त्यसअघि खुर्सानी पटकासहित एक व्यक्ति पक्राउ परेका थिए । १ लाख ५० हजार रुपैयाँ बराबरको पटका सहित शुक्रबार राति भद्रपुर -३का ४२ बर्षिय ढाक्रे राजबंशी पक्राउ परेका हुन् ।

# राजवंशीद्वारा १५ लाखको जग्गा दान

**गौरीगञ्ज (प्रस)** । नेपाल कम्युनिष्ट पार्टी झापाका जिल्ला सदस्य रहेका गौरीगञ्ज गाउँपालिका -१ महाभारा निवासी विद्यानन्द राजवंशीले सामुदायिक भवन निर्माणका लागि १५ लाख मूल्य बराबरको ३ कठ्ठा जग्गा निःशुल्क उपलब्ध गराएका छन् ।
पूर्वाधार विकास निर्माणको दृष्टिकोणबाट पछि परेको गौरीगञ्ज १ को मोठगाउँमा दाता राजवंशीले सामुदायिक भवन निर्माणका लागि सो जग्गा दान गरेका हुन् । जग्गामा धमाधम भवन निर्माणका काम भईरहेको दाता राजवंशीले बताए । गत आर्थिक वर्षमा स्थानीय क्षेत्र पूर्वाधार विकास सांसद कोषबाट २० लाख रूपैयाँको बजेटबाट सामुदायिक भवनको पहिलो चरणका काम सम्पन्न भइसकेको छ । निर्माणाधीन भवन निर्माणको बाँकी कार्य गर्न स्थानीय, प्रदेश तथा संघीय सरकारसँग थप बजेटको माग गरिने नेकपा गौरीगञ्जका अध्यक्ष समेत रहेका राजवंशी बताउँछन् । गाउँमा सामुदायिक भवनको अभाव रहेकाले त्यसलाई थप सहजता प्रदान गर्न सघाउँ पुग्ने उनले बताए ।

# किरात ज्योतिष रनध्वजको स्मृतिमा शालिक

**दमक (प्रस)** । किरात ज्योतिषविद स्व रणध्वज नेम्बाङको स्मृतिमा दमक-३स्थित दुम्सेमा शालिक निर्माण गरिने भएको छ । किरात ज्योतिषसँगै मुन्धुम तथा साहित्यका क्षेत्रमा योगदान पुर्‍याएको भन्दै उनको सम्झना चौक नामाकरणसहित शालिक निर्माण गरिने भएको हो ।

स्थानीय प्रगति टोलका बासिन्दा तथा सरोकारवालाको हालै सम्पन्न भेलाले लाखजीत नेम्बाङको अध्यक्षतामा ११ सदस्यीय शालिक निर्माण समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा हिमदल भण्डारी, सचिवमा विजय देवान, सहसचिवमा रविनकुमार आङदेम्बे र कोषाध्यक्षमा चन्द्रकला लिम्बु चुनिएका छन् । यस्तै सदस्यमा कृष्णध्वज मादेम्बाचन्द्रवीर विश्वकर्मा, कुमार ढकाल, रेनुका राई, संगीता थापा र दलबहादुर नेम्बाङ रहेका छन् । भेलाले वडाध्यक्ष नविन बरालसहितको एक सल्लाहकार समिति समेत गठन गरेको जनाइएको छ ।

# साझामञ्चको अध्यक्षमा पुनः कार्की



**बिर्तामोड (प्रस)** । साझामञ्च मिडिया प्रालिको अध्यक्षमा एकराज कार्की पुनः सर्वसम्मत चयन भएका छन् । शनिबार बिर्तामोडमा सम्पन्न कम्पनीको पाँचौं वार्षिक साधारणसभाले आगामी तीन वर्षे कार्यकालका लागि कार्कीको अध्यक्षतामा सर्वसम्मत नेतृत्व चयन गरेको हो । पुनः अध्यक्ष चयन भएका कार्की प्रदेश सभाका सदस्य हुन् । कम्पनीको उपाध्यक्षमा खड्गप्रसाद दाहाल र बोर्ड अफ डाइरेक्टरहरुमा नारायण पोखरेल, हरि शर्मा र कृष्णप्रसाद घिमिरे चुनिएका छन् । कम्पनीको कार्यकारी प्रमुखमा साझामञ्च डटकमका प्रधान सम्पादक गोपाल काफ्लेलाई जिम्मेवारी दिइएको छ । कम्पनीले साझामञ्च डटकम, साझा सहकारी मञ्च टेलिभिजन कार्यक्रम, साझामञ्च टपटेन न्यूज बुलेटिन प्रकाशन/प्रसारण गर्दै आएको छ । साधारणसभाले आर्थिक वर्ष २०७६-०७७ को आम्दानी र खर्चको विवरणलाई सर्वसम्मतिले पारित गर्दै चालु वर्षका लागि प्रस्तावित कार्यक्रम तथा बजेटसमेत पारित गरेको छ ।

## झापामा...

क्वारेन्टाइनमा ४ हजार ६१६ जना रहेका छन्।
मन्त्रालयका अनुसार पछिल्लो २४ घन्टामा १२ हजार ४२७ जनाको पीसीआर परीक्षण भएको छ । आइतबार १५ सय ५२ जना डिस्चार्ज भएका छन् । योसँगै नेपालमा कोरोना जित्नेको संख्या ७५ हजार ८०४ पुगेको छ । यो कुल संक्रमितको ७० दशमलव ३ प्रतिशत हो ।
मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा २२ जनाको मृत्यु भएको छ । योसँगै नेपालमा कोरोनाले मृत्यु हुनेको संख्या ६३६ पुगेको छ । नेपालका दुई मनाङ र मुस्ताङबाहेक सबै जिल्लामा कोरोना संक्रमण फैलिएको छ ।

# प्रदेश -१ म एकै दिन ५ को मृत्यु

**झापा (प्रस)** । कोरोना संक्रमणका कारण बिराटनगर र धरानमा एकै दिन पाँच जनाको मृत्यु भएको छ । नोबेल मेडिकल कलेज बिराटनगरमा दुई र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा तीन जनाको मृत्यु भएको हो ।
शनिबार राति नोबेल मेडिकल कलेजमा मृत्यु हुनेमा एक महिला र एक पुरुष छन् । सुनसरीको दुहवी नगरपालिका-३ की ४० वर्षीया महिलाको राति ११ बजे मृत्यु भएको हो । कलेजका प्रबन्धक नारायण दाहालका अनुसार महिलालाई २० असोजमा नोबेलमा भर्ना गरिएको थियो । स्वाब संकलन गरेर पिसिआर परीक्षण गराउँदा २१ असोजमा रिपोर्ट पोजेटिभ आएको थियो ।
नोबेलमै उपचाररत सुनसरी हरिनगर-४ का ७१ वर्षीय वृद्ध पुरुषको पनि राति १०:१५ बजे मृत्यु भएको हो । श्वासप्रश्वासमा समस्या भएका उनलाई उपचारका लागि असोज २१ गते अस्पताल भर्ना गरिएको थियो ।
बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा थप तीन जना संक्रमितको मृत्यु भएको छ । प्रतिष्ठानका सहप्रवक्ता डा. आशिष श्रेष्ठका अनुसार सुनसरीको धरान उपमहानगरपालिका-८ की ६२ वर्षीया वृद्धाको शनिबार राति ८ बजे, सनुसरीको दुहवीका ६५ वर्षीय वृद्धको आइतबार बिहान ३:५० बजे र धनकुटाकी ६१ वर्षीया वृद्धा महिलाको पनि आइतबार बिहान ६:४० बजे मृत्यु भएको छ । शनिबार दिउँसो विराट मेडिकल कलेजमा इटहरी उपमहानगरपालिका-५ की ६४ वर्षीया महिलाको मृत्यु भएको थियो । शनिबार विहान न्यूरो अस्पतालमा पथरी शनिश्चरे नगरपालिका-६ की ९२ वर्षीया महिलाको पनि मृत्यु भएको थियो ।

# कमलका सातवटै वडामा राप्रपाको नयाँ नेतृत्व

**कमल (प्रस)** ।राष्ट्रिय प्रजातन्त्र पार्टीले झापाको कमल गाउँपालिकाका सातवटै वडामा संगठन निर्माण गरेको छ ।
पार्टीले संगठन सुदृढीकरण अभियानअन्तर्गत महिना दिन लगाएर कमलका सातवटै वडामा भेलाको आयोजना गरी संगठन निर्माण गरेको पार्टी परिचालन तथा अनुगमन समितिका संयोजक दिपक खरेलले बताए ।
यसैक्रममा शनिवार कमल २ मा पार्टीको वडा समिति गठन गरेको हो । वडास्तरीय कार्यकर्ताहरुको भेलाले नरेन्द्र बुढाथोकीको अध्यक्षतामा ११ सदस्यीय वडा समिति गठन गरिएको उनले जनाएका छन् । सर्वसम्मत गठित समितिको उपाध्यक्षमा युवराज अधिकारी ,सचिवमा प्रमोद साह,सहसचिवमा जुगल हास्दा र कोषाध्यक्षमा गंगा माझी चुनिएका छन् । सदस्यहरुमा नेत्र श्रेष्ठ,मञ्जु कार्की, बलबहादुर राई, भीम श्रेष्ठ र शान्तिराम निरौला रहेका छन् । त्यस्तै, वडा इन्चार्जमा पदम श्रेष्ठ चुनिएका छन् ।यस्तै ,भेलाले देवराज अर्याल,तिर्थसर गौतम र यज्ञप्रसाद ढकाल रहेको एक सल्लाहकार समिति समेत गठन गरेको छ ।
पार्टीका गाउँ सचिव युवराज खड्काले सञ्चालन गरेको सो कार्यक्रममा स्वागत मन्तव्य नरवहादुर पोखेलले राखेका थिए भने तत्कालीन माओवादी केन्द्रका नेता विक्रम अधिकारीले शुभकामना मन्तव्य राखेका थिए । वडा भेलामा पार्टीका जिल्ला सदस्यद्वय सन्तोष कार्की, रामबहादुर डाँगी, पार्टी गाउँपालिका अध्यक्ष विष्णुप्रसाद पौडेल, राप्रपा निकट शिक्षक संघका उपाध्यक्ष कुमार भण्डारी, कमल ५ का पार्टी अध्यक्ष खड्ग श्रेष्ठ, कमल ७ का पार्टी अध्यक्ष लय प्रसाद उप्रेतीलगायतका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।
यसैबीच पार्टीले सातवटै वडामा आमभेला गरी नेतृत्व चयन गरेको र पार्टीलाई गतिशील बनाउँदै लैजान सातवटै वडा समितिको उपस्थितिमा यहि असोज ३० गते कमल २ स्थित मुजुरभिट्टाको शिव पाञ्चायन मन्दिरमा समीक्षा भेलाको आयोजना गर्ने तय भएको संयोजक खरेलले बताए ।

# झापामा केम्पो खुकुरी मार्सल आर्टस् संघ




**बिर्तामोड (प्रस)** । नेपाल केम्पो खुकुरी मार्सल आर्टस् संघ झापाको प्रथम जिल्ला भेला बिर्तामोडमा सम्पन्न भएको छ । भेलाबाट तारा खतिवडा अध्यक्षमा सर्वसम्मत चयन भएका छन् । संघको उपाध्यक्षमा सुरेन्द्र धिमाल, महिला उपाध्यक्षमा संगीता मेचे, सचिवमा भीमबहादुर बोहरा, सहसचिब रविन ओझा र कोषाध्यक्षमा नारायण ओली सर्वसम्मत चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा जशु राई,पूर्ण लिम्बु,सुरेन्द्र श्रेष्ठ,चन्द्र भण्डारी (मिलन), देवकुमार सहनी(मार्को) ,धनकुमार तामाङ, पदम कटुवाल रहेका छन् ।
युवा संघ नेपालका केन्द्रीय सदस्य पर्वत भण्डारीले युवाहरू एकजुट भएर नयाँ खेलको विकासमा लागेकोमा खुशी व्यक्त गर्दै आफ्नो तर्फबाट सहयोग रहने बताए । कार्यक्रममा नेकपा जिल्ला विभाग सचिब लवकुश गौतमले पनि बोलेका थिए । कार्यक्रम तारा खतिवडा अध्यक्षतामा भएको थियो । नेपालमा कम्पो खुकुरी मार्सल आर्टस् नयाँ विधा हो । केम्पो मार्सल आर्टस्मा खुकुरीको काता समावेश गरी यसलाई प्रचलनमा ल्याइएको हो । केही दिनमै झापामा यसको नयाँ डोजो गठन गरिने अध्यक्ष खतिवडाले बताए ।

# चलचित्र द्वन्द्व संघको प्रदेश कमिटी गठन



**झापा(प्रस)** । नेपाल चलचित्र द्वन्द्व संघको प्रदेश कमिटी गठन भएको छ । आइतबार बिर्तामोडमा भएको भेलाले विपिन प्रसाईको अध्यक्षतामा नेपाल चलचित्र द्वन्द्व संघको २१ सदस्यीय १ नं प्रदेश कमिटी गठन गरेको हो । जसको कार्यकारिणी उपाध्यक्षहरूमा सन्तोस खवास र लक्ष्मु गौतम रहेका छन् । यस्तै महासचिवमा सुदिप खवास र कोपाध्यक्षमा करुणा क्षेत्री रहेका छन् । सदस्यहरुमा राजेन्द्र कार्की,पूर्णप्रसाद राजवंशी,राजन पौडेली,नविन तामाङ, धिरज परियार, सुबें मेचे, सिर्वा मगर, सुमन मोटे, श्याम गिरी, सुरज ढकाल, समिर सुवेदी, गणेश भट्टराईलगायत रहेका छन् ।
चलचित्र द्वन्द्व संघ प्रदेश न. १ संयोजक विपिन प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिका वडा न. ५ का वडा अध्यक्ष राजेन्द्र लिङ्देन प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा स्वागत मन्तब्य एलसी श्रेष्ठ र संचालन सुदीप खवासले गरेका थिए ।

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौँ, सदैव स्वस्थ रहौँ ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

९ औं
स्वतन्त्र बचत तथा ऋण सहकारी संस्था लि.को
वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको **वार्षिक साधारण सभा** यही मिति २०७७ साल असोज २५ देखि २९ गतेसम्म सम्पन्न गर्ने निर्णय भएको हुँदा कोभिड-१९ को यस विषम परिस्थितिमा सामाजिक तथा भौतिक दुरी कायम राखी यही मिति असोज २५ गतेदेखि २८ गतेसम्म संस्थाको कार्यालयमा उपस्थित भइदिनु हुन सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई यसै सूचनामार्फत् जानकारी गराउँदछौं ।

कार्यक्रमहरु
मिति : २०७७ असोज २५ देखि २८ गतेसम्म प्रतिवेदन वितरण ।
समय : बिहान १०:३० देखि ४ बजेसम्म
स्थान : संस्थाको कार्यालयमा दमक-६ शंखधर चोक (झापा)

नोटः १) शेयर सदस्यहरूलाई परिवहन खर्च समेत उपलब्ध गराइनेछ ।
२) मास्क अनिवार्य लगाउनु पर्ने छ ।

स्वतन्त्र बचत तथा ऋण सहकारी संस्था लि.
दमक-६ झापा (फोनः०२३-५८५८५३)

६ औं
हाम्रो सचेतना सम्बृद्धि बहुउद्देश्यीय सहकारी संस्था लि.को
वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस हाम्रो सचेतना सम्बृद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. दमक-५, झापाको मिति २०७७।०६।०४ गते बसेको कार्यसमितिको बैठकको निर्णय अनुसार कोभिड १९ लाई मध्यनजर गर्दै सामाजिक दुरी कायम गरेर यस संस्थाको **छैटौं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा सम्पन्न गर्ने निर्णय भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरुले कार्यक्रममा अनिवार्य उपस्थित भइदिनुहुन सादर अनुरोध गर्दछौं ।

कार्यक्रम
- मिति : २०७७ असोज २५ देखि २९ गतेसम्म प्रतिवेदन वितरण ।
- समय : बिहान १० बजेदेखि ५ बजेसम्म
- स्थान : संस्थाको कार्यालयमा, दमक-५, झापा

साधारणसभाका विषयहरू
१. सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन तथा पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०७७।०७८ को प्रस्तावित बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
५. आ.व. २०७७/०७८ को लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा
६. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सञ्चालक समिति तथा सदस्यहरूको तर्फबाट प्रतिनिधि तोक्ने सम्बन्धमा ।
७. विनियम संशोधन सम्बन्धमा ।
८. नीति तथा कार्यविधिहरू पारित गर्ने सम्बन्धमा ।
९. नयाँ कार्यसमितिको चयन गर्ने सम्बन्धमा ।
१०. जग्गा खरिद सम्बन्धमा । ११. विविध ।

दिवस राई (अध्यक्ष)
हाम्रो सचेतना सम्बृद्धि बहुउद्धेश्यीय सहकारी संस्था लि.
दमक-५, झापा

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# अतिक्रमण बन्द गर

धन हेर्दा महादेवको तीन नेत्र भनेझैं यतिबेला भद्रपुर माविको जग्गा बेचिखानेहरुको उखरमाइलो छ । बिर्तामोड नगरपालिका वडा नं ६ मा रहेको २० विगाह ५ कठ्ठा १० धुर जग्गा भद्रपुर हाइस्कुलको नाममा छ । धनीपूर्जा भद्रपुर माविको नाममा भएपनि त्यस सरकारी जग्गामाथि भोगाधिकार अरुकै छ । एक ब्यक्तिबाट अर्कोलाई जग्गा किनबेच भइरहेको छ । नम्बरी जग्गा सरह अनाधिकृत रुपमा कब्जा गरेर मनपरीतन्त्र चलाएर बसेकाहरुले बर्षौंदेखि स्कूललाई ठेक्कासमेत बुझाएका छैनन् ।

पूर्वपश्चिम राजमार्गदेखि एक किलोमिटर दक्षिण र बिर्तामोड नगरपालिका कार्यालयदेखि एक किलोमिटर उत्तरपूर्व स्यालडाँगीमा भद्रपुर हाइस्कुलको नाममा सो जग्गा छ । स्यालडाँगी चौकदेखि दक्षिण विभिन्न पसलसहितको घना वस्ती स्कुलकै जग्गामा अबस्थित छ। घरसँगै पसल , मस्जिदजस्ता स्थायी संरचना बनाएर सरकारी जग्गा कब्जा गरिसकेका छन् । गैरकानुनी र अनाधिकृत रुपमा विद्यालयको जग्गा मिलेमतोमा अतिक्रमण गरी बस्ती बसालिएको हो । जग्गाधनी भद्रपुर मावि आफ्नो जग्गा खाली गराउनुभन्दा आर्थिक लोभमा अझ वस्ती बसाल्न उद्यत भएको पाइएको छ । सम्बन्धित भद्रपुर र बिर्तामोड नगरपालिकाले पनि सरकारी सम्पतिमाथिको हस्तक्षेपबारे अनदेखी गरिरहेका छन् ।

धुरको लाखौं पर्ने त्यस जग्गालाई पटकपटक खरिद बिक्री गर्ने गरिएको छ । जसले जे गरेपनि हुन्छ भनेर त्यस जग्गाको किनबेचमा ठूलै भूमाफिया र विचौलियाको गिरोह संलग्न रहेको देखिएको छ । भद्रपुर माविको व्यवस्थापन समितिले आर्थिक चलखेलमा परेर जग्गाको बारेमा खोजी गर्न छोडेको छ । त्यस्तै स्कुलको जग्गा बेचिखानका लागि जनप्रतिनिधिहरुको पनि संलग्नता देखिएको छ । त्यस जग्गालाई १४ जना मोहीले ठेक्कामा कमाएका थिए । विद्यालयले २०५२ सालमा लगत निकाल्दा त्यस जग्गामा ३४ परिवार बसेका थिए । २०६५ सालमा बढेर ३०५ पुग्यो । अहिले त्यस जग्गामा करिव १३ सयवटा घर टहरा निर्माण भएका छन् । त्यस जग्गामा विचौलियाहरुको चलखेल तीब्र बनेको छ । आफैले ग्राहक खोज्ने आफै बेच्ने र रकम पनि आफै राख्नेगरी अबैध चलखेल त्यहाँ जारी छ । यसरी नै विचौलियाको चलखेल बढ्दै जाने र सम्बन्धित विद्यालयले बेवास्ता गर्दै जाने हो भने त्यो सरकारी जग्गा एकदिन पक्कै गुम्नेछ । त्यसतर्फ भद्रपुर नगरपालिका , बिर्तामोड नगरपालिका , जिल्ला प्रशासन कार्यालयका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ध्यान जान जरुरी छ ।

# मुटु दुखाउनेले भोट माग्न नआए हुन्थ्यो



❖ लोकराज भट्ट

ती पुराना मान्छे कहाँ गए ? जसले ढुंगामा देउताको प्रतिष्ठा गरेर हृदयदेखि भगवान मान्थे । संस्कृति र सनातनलाई पुर्खाको अंश ठानेर बचाइराखेका थिए । धर्मको तुलोमा नैतिकता जोखेर मनैदेखि पवित्र थिए । यसरी नै समाज सन्तुलित भइरहेको थियो । ती मान्छे अचेल त सपनामा पनि देखिँदैनन् । कलिको बतासले धेरैको चेतना जीर्ण भइसक्यो ।

बेला बदलिएको छ। सबै दोष समयको जिम्मा छोडेर मान्छे चोखो बन्न चाहन्छ । समयलाई गलत ठान्नेलाई कालले आफ्नो बेला आएपछि सत्य देखाएरै बाटोमा डोऱ्याउँछ । जीवनको हिसाब हुने दिन त्यसै कहाँ उम्किन पाइएला र ? देश भएपछि नै मान्छेले आफ्नो अस्तित्व स्विकार्छ । मान्छेको देश हुन्छ नै, यो नियम त भगवानका पालादेखि चल्दै आएको छ । तर देशको बागडोर जो कोहीले पाउँदैन । जो पाउँछन् तिनले थोरै गरिदिए पनि जनजीवनमा ठूलो असर पर्छ । तर हाम्रा हर्ताकर्ता के सोच्छन् र हाम्रा गाउँहरू के भोगिरहेका छन् प्रस्टै छ ।

देशको व्यवस्था र नागरिकको अवस्था बदल्न भनेर हाम्रा पूर्खाका पालादेखि नेताको रूप धारण गरेर कयौं आए । तिनलाई भरोसामा जनताले देश सुम्पिए । जति व्यवस्था बदलिए पनि नागरिकको अवस्था कहिल्यै बदलिएन । तिनले सर्वहाराकै कुरा गरे । जनतालाई ऐन र चैनको प्रलोभन देखाए । रामराज्यको भाषण ठोके । गोसाइँले रामराज्य ल्याए भने मर्नेबेला सुखको सास फेरेर बैकुण्ठबास होला भनेर कयौं गरिब निमुखाले सपना देखे । तर ती सपना देख्ने कयौं मान्छे, कोही गाँस नपाएर भोकै मरे, कसैले ओखती नपाएर स्ट्रेचर र डोकोमै प्राण त्यागे । दुःख र पिरमै जीवन बित्यो । रामराज्य कहिल्यै आएन । हुँदाहुँदै प्रलोभनको राजनीति यति धेरै बढ्यो कि गाउँगाउँसम्म दरबार पुगे। गाउँगाउँमा राजा बने । र, पनि रामराज्य आएन ।

सुनिन्छ, नयाँ मुकुण्डो लगाएर नयाँ व्यवस्थापिकाको खोल ओढेर गाउँ जितेका मालिकहरू नैपाल पुगेर ठूलै भएका छन् । मनग्य आम्दानी गरेका छन् । तर चुनाव जितेर गएपछि तिनले अनुहार देखाउन छोडिदिए । मतदान अगावै मिठो बोलेर गएका सम्राटहरूले गरिबलाई भुलिदिए । झण्डा फरफराएर गएकाहरू अब कहिले आउलान् ? सम्झनाको हिकहिके बाडुली कहिले लाग्ला ? गोसाइँको रामराज्य यसै जुनीमा देख्न पाइएला कि नपाइएला ?

विधिको शासन गर्ने भनेर जब कसम खाएका थिए, जनताले भरोसाले राज्यारोहण गराएका थिए । गाउँगाउँमा नौला सरकार बनेका बेला नयाँ राजा खडा भएका थिए । सिंहासन पाइसकेपछि किन सम्झिनु पऱ्यो भरोसामा बस्नेहरूलाई ? किन सुन्नु पऱ्यो ल्याप्चे लगाउनेका कुरा ? झुठो बोलेरै कतिले कति युगसम्म ढाँटे । पैसाका बिटाहरू जम्मा गरिराख्यो भने अर्को चुनाव कसो ढाँट्न नसकिएला ! समृद्धि फलाप्ने मालिकहरूको बोली बदलिएको छ । शेषनागका जस्ता जिब्रा पलाउन थालेका छन् । तिनका कुर्चीमा दसटाउके अवतार देखिन थालेको छ । अदालतलाई गोजीमा राखेर जनतालाई बिजुली बराबरको झट्का बेलाबखत दिएकै छन् । यसैलाई त भन्छन्, शक्तिको कमाल ।

मान्छे यही दम्भले भरपुर भएका त छैनन् ? जो सर्वहाराका लागि लडेका हौं भन्थे, ती सर्वजित भइसके । सर्वहारा सधैं सर्वहारा नै रहे । जनताको जितको दिन कहिल्यै आएन । दशरथको राज्यमा जस्तो प्रजातन्त्र त यहाँ के आउन सक्थ्यो ! अब्राहम लिंकनले भने जस्तो प्रजातन्त्र पनि आइदिएन । रामराज्य कसरी आउँथ्यो ?

नागरिकको भोक सम्बोधन नहुने राज्यमा कार्यकर्तालाई वितरण हुने बजेटले गोसाइँ र गोसाइँका दलाल मात्रै मोटाउँछन् । तिनकै आसेपासेको घडेरी जोडिन्छ । महापुरुषलाई सत्ताको मोह कहिल्यै हुँदैन । मानव कल्याणकै चिन्ता रहन्छ । तर यहाँ गरिबले आजका शासकले रामराज्यको परिकल्पना कसरी गर्न सक्थे ? हाम्रा शासकहरू सत्ताबाट सबै पाइरहँदा पनि आफ्ना नागरिकलाई अघोषित देश निकालाको अवस्था सिर्जना गर्छन् । यो सबै छर्लंग हुँदाहुँदै पनि हाम्रा गोसाइँले भनेको रामराज्यमा रावणको लीला चलिरहेको छ भन्नु पाप होला र ? संचारमाध्यमले भन्ने समाचार र नेताले बोल्ने भाषण गाउँका मान्छे बुझ्दैनन् । आफ्नै छाक टार्न रात-दिन नभनी कर्म गर्नुपर्छ । तिनका लागि न सरकार छ, न सुविधा । मतदान गरेको कुनै स्वार्थ छैन । विश्वासमा भोट दियो भने धर्म हुन्छ भन्ने जानेकाहरू धर्मका निम्ति मतदान गर्छन् । जित्नेहरूको अधर्म



यो देश देवभूमि हो । तपोभूमि हो । यहाँ ठूला ठूला ऋषिमुनिले तपस्या गरेर आफू मुक्ति पाए, अरुलाई मुक्ति दिलाए । तर यही भूमिमा सधैं लालचको राजनीति गर्नेहरूको बुद्धि सधैंजसो भ्रष्ट भइरह्यो । जीवनको अनन्तकालसम्म पनि सत्तामा लिप्त भएका मान्छेको छातीमा देशको माया कहिल्यै जुर्मुराएन ? गोसाइँहरू भन्छन् - सत्तामा पुग्नुमा हाम्रो संघर्ष र बलिदान छ । हामीले जीवन जेल र जंगलमा बिताएका छौं । पार्टीलाई सर्वश्व दिएका छौं । यसै आर्जेको सत्ता कहाँ हो र ? तपस्या गरेर प्राप्त गरेको पो हो ।

मालिक ठिकै भन्छन् तर यो जगतमा जसले तपस्या गरेर शक्ति प्राप्त गरे ती सबै सत्य-सन्त छैनन् । तपस्या गरेर प्राप्त गरेको शक्ति आफ्नै भोगविलास र मोजमस्तीमा खर्च गर्ने त रावण थियो। हिरण्यकश्यपू थियो । रावण र हिरण्यकश्यपूले जुन कठोर तपस्याबाट शक्ति प्राप्त गरे, त्यो कहिल्यै अरूको हितका निम्ति खर्च गरेनन् । के हाम्रो राज्यसत्तामा आउने लालाबालाको पेट पाल्न र लाज ढाक्नकै निम्ति भारत, साउदी, कतार र मलेसिया पस्नै पर्छ । त्यहीं सकिन्छ जवानीको सबै हिस्सा । देशमा केही हुँदो हो त लालाबाला र श्रीमती छोड्ने रहर कस्लाई हुँदो हो ? संसार कोरोना त्रासले डगमगाइरहेको बेला कयौं मान्छे प्राण जोगाउन भनेर घर दौडिएका थिए । ती अहिले दुई महिना जन्मदेशमा टिक्न सकिरहेका छैनन् । जन्मथलो कसलाई प्यारो लाग्दैन ? रोजगारी गुमाएकाहरू गाउँमा रुमल्लिरहेका छन् । गाउँमा अवसरका सबै बाटा बन्द छन् । ऋणमाथि ऋण थपेर कसरी बस्नु घरमा ? गाडी खुल्ने दिन पर्खिरहेकाहरू कति छिटो भारत पसौंला भनेर अत्तालिएका छन् र भन्न थालेका छन् - रोग सहौंला, भोक सहन मुस्किल छ । महाकाल बनेर हाम्रो समाजमा गरिबीको पक्षपोषण कसले गरिरहेको छ ? किन गाउँमा उद्यमशीलताका सबै बाटा बन्द गरिए ? शक्तिमा पुगेकाले देश र नागरिकको भलाई निम्ति किन एकरात पनि चिन्तन गर्दैनन् ?

रामचन्द्रले आफ्नो मर्यादा भुलेका भए उनीहरू जान्दैनन् । बिरामी परेको दिन आफ्नै भाग्यलाई सराप्छन् । विपद आइपरेको दिन राहु-केतु आइपुगेको सम्झिन्छन् । वास्तविक राहु-केतुले निम्त्याएको पीडा दुःखी मान्छेलाई के थाहा ?

धेरै बाआमाहरू पढ्न-लेख्न जान्दैनन् । सरकार र सत्ताप्रति विश्वास गर्छन् । गाडी चढ्ने पैसा नभएर पैदल हिँड्नेहरू गाउँमा तमाम छन् । तिनले गाडी चढ्ने पैसा जोगाएर साबुन किन्छन् । आफू नखाई जोगाएको पैसाले राज्यलाई कर तिर्छन् । त्यही करबाट हाम्रा हर्ताकर्ता चयनको जिन्दगी बाँचिरहेका छन् । चिलगाडीमा उडिरहेका छन् । तिनका खुट्टाले भुइँ टेक्यो भने माटो लाग्छ । अहिले त माटो लाग्ला भनेर खुट्टा जोगाउनु ठिकै होला । तर, एकदिन सम्पूर्ण शरीर पनि माटोमै मिसिने छ ।

गाउँमा कयौं मान्छेलाई नेतालेजस्तै अर्को चुनाव जित्ने पैसा थुपार्नु छैन । चाडवाड पर्खिरहेका आफ्ना सन्तानलाई एकसरो कपडा किन्न पाए पुग्ने थियो । स्कुलको शुल्क तिर्न सके हुने । चिया खान मन लाग्छ । एक किलो चिनी पनि फारो गरेर चलाउँछन् । सोच्छन् विकासको नाममा नेताहरूले घरखेत नभत्काइदिए हुन्थ्यो । दोकानमा महँगी नबढाइदिए हुन्थ्यो । जसो चल्दैछ त्यसै चल्न दिए त जिन्दगी ठिकै थियो ।

बिरामी परेको दिन स्वास्थ्य चौकीमा सिटामोल नसकिएको होस् भनेर गरिबहरू कामना गर्छन् । नेता भने दबाइमा कसरी बढी कमिसन खाने सोचिरहन्छन् । रावणको लीला पनि कहाँ फरक थियो र । रावण जस्तो बिलासी यो जगतमा को थियो र ? करोडका गाडी, मन लागेको दिन भुर्र उड्ने हेलिकप्टर, सवारी चलेको दिन बाटाघाटा बन्द, कानुनको रिमोट आफ्नै हातमा, नातागोताको मनोकामना परिपूर्ण । योभन्दा बिलासी जिन्दगी सायद रावणकै राज्यमा हुँदो हो ।

रामराज्यमा त दम्भ र कलह थिएन । लोभ, लालच र छलकपट थिएन । कैकेयीका मनमा जब घमण्डले बास जमाएको थियो, राम अयोध्या त्यागेर खुसीसाथ वनवास पसे। शान्ति नभएको मुलुकमा कसरी रामराज्य हुन्छ ? जहाँ शत्ता र शक्तिका लागि बारबार झगडा पर्छ, कसैलाई मन्त्री, सांसद बनाउनकै निम्ति विधि उल्लंघन गरिन्छ, त्यो कसरी रामराज्य हुन सक्छ ? हाम्रा राज्यका राम त आफ्ना कारणले देश तहसनहस भइसक्दा पनि सत्ता मोह त्याग्दैनन् । आफ्ना गल्तीको आत्मआलोचना गर्दैनन् ।

सबभन्दा ठूलो व्यापारिक अखडा शिक्षा र स्वास्थ्य क्षेत्र बनेका छन् । जगतमा सबभन्दा कल्याणकारी कामलाई हाम्रो सरकारले व्यापारीक केन्द्र बनाएको छ । यस क्षेत्रका ठूलाठूला धनाढ्य मालिक पनि नेता र मन्त्री नै छन् । तिनकै नातागोता छन् । एकातिर सम्पति कब्जा, अर्कोतिर शत्ता कब्जा, यो चक्र निरन्तर चलिरहेको छ । जुन पार्टी सत्तामा आए पनि यो कामले निरन्तरता पाइरहन्छ । आमाबाले सन्तानको लालनपालन र शिक्षाका निम्ति जीवनभर कमाएको पैसा हाम्रा गोसाइँको शिक्षा व्यवस्थाले स्वाहा पारिदिन्छ । बचेखुचेको सम्पति पचाउन अस्पतालहरू काफी छन् । जीवनमा एकपल्ट बिरामी पर्नुपर्छ, गरिबको छाकबास नै उजाडिन्छ ।

नेताका भाषणमा देशमा रामराज्य कायम छ । तर नागरिकले रावणको लीला देखिरहेका छन् । निमुखाको आवाज सुन्ने कान फुटिसके। दम्भको तुवाँलो सिंहदरबार परिक्रमा गर्छ । गाउँमा तमसुक थपिँदैछन् । माग्नेहरू आए पनि दान सम्झेर खुसी मनले दिने नागरिक अझै छन् । कयौं नेताको उद्धार अझै गर्नेछन् । तर, उनीहरूको एउटै माग छ अचेल- मागेर मुटु दुखाउनेहरूले भोट माग्न नआइदिए हुन्थ्यो ।

देश बर्बाद पारेर बिलासी बनिरहेका जीवनको एक घडी आफ्ना कर्मको हिसाब आफैंले गरून् । सुनको लंका पनि त जलेको थियो । नाभीमा अमृत भएको रावण पनि त मरेको थियो । रामराज्यको उद्घोष गरेर रावणको लीला गर्नेहरु साँच्चै अजम्बरी होलान र ? अजम्बरी त मान्छेको कर्म रहन्छ, कृति रहन्छ ।

# भाई फुटे गवार लुटे

**जुन परिवारमा सम्पत्ति छैन त्यो परिवारमा मेलमिलाप छ। सुखसँगै दुख बाँडेका छन् एक आपसमा रमाएका छन्। तर सम्पत्ति नै त्यो चिज हो, जसले परिवारमा तिक्तता ल्याई दिन्छ।**



❖ दिपेन्द्र राउत

'यदि तिमीले आफ्नो सपना निर्माण गरेनौँ भने अरु कसैले तिमीलाई किन्छ र आफ्नो सपना पूरा गर्छ' यो भनाइ आजभोलि सामाजिक सञ्जालमा धेरै चर्चा भएका दाजुभाइ कापिता एवम् रिलायन्स ग्रुपको छातामुनि आफ्नो साम्राज्य खडा गरेर छोराहरुलाई हस्तान्तरण गरेका धिरुभाइ अम्वानीको भनाइ हो । विश्वमा आज सफल व्यक्तिको इतिहास हेर्ने हो भने ग्रास लेभलबाट आएका व्यक्तिहरु कल्पनाभन्दा माथिको उचाईमा पुगेको पाउँछौ ।

आजभोलि यिनै सफल अम्वानीका छोराहरुको समाचारले अनलाइन तातेका छन् । २००४मा बाबु धिरुभाई अम्बानीको मृत्युपछि दाजुभाइले बराबर सम्पत्ति बाँडेका थिए । सम्पत्तिको कारणले दाजुभाइमा झगडा पनि भएको थियो । झगडाको कारणले गर्दा दाजुभाइमा सम्वन्ध राम्रो थिएन । हामी हाम्रो समाजमा हेर्ने हो भने पनि यस्तै भेट्ने गर्दछौँ । सानो हुँदादेखि दाजुभाइको सम्वन्ध घनिष्ट रहन्छ, समयसँगै दाजुभाइको मेलमिलाप बढ्दै जान्छ । कतिजनाको सम्वन्ध विवाहपश्चात् बिग्रिएर जान्छ भने कतिजनाको सम्पत्ति बाँडफाँडमा गएर बिग्रिन्छ । जुन परिवारमा झैँझगडा भएको हुन्छ, त्यहाँ खासै प्रगति पनि देखिदैन । तर, जुन परिवारमा मेलमिलाप रहन्छ, पैसा भन्दामाथि सम्वन्ध रहन्छ त्यहाँ सुख हुन्छ अनि समृद्ध परिवार रहन्छ ।

अम्वानी परिवारले जीवनमा यो कल्पना पनि गरेको थिएनन् होला जसरी विश्वका धनीको सूचीमा पर्न सकिन्छ भनेर तर मेहनत ,परिश्रम र परिवारको साथले त्यो हासिल गरेका थिए । एउटा बाबुका लागि सन्तान समान रहन्छन् । दुई छोरा हुँदां बाबु कति खुसी थिए होला जसरी हाम्रो हरेक अंक दुईवटा रहेका छन् । आँखा दुईवटा, हात दुईवटा, खुट्टा दुईवटा, कान दुईवटा । धिरु भाईलाई दुईवटा छोरा हुँदां अवश्य पनि संसारको सबै चिज प्राप्त गरे भन्ने लागेको थियो होला ।

दाजुभाइलाई बराबर सम्पत्ति बाँडेका अम्वानी परिवारका दुई छोराको आजको समाचारले विश्वलाई चकित पारेको छ । जेठो छोरा मुकेश अम्वानीको प्रतिदिनको कमाई ९० कोरोड भनेर समाचार भाईरल भइरहँदा अर्को भाईको समाचार ' अर्बपति' अनिल अम्बानीको सम्पत्ति एउटा कारमात्रै ? शीर्षकको समाचार चर्चामा रहेको छ । भारत मात्र हैन विश्व नै अनिल अम्बानीले आफ्नो सम्पति यतिमात्रै छ भन्दा चकित परेको छ । सन् २००८ मा फोर्ब्सले प्रकाशित गर्ने विश्वभरका धनाढ्यहरुको सूचीमा छैठौं स्थानमा परेका अनिल अम्बानीसँग ४२ अर्व अमेरिकी डलर बराबरको सम्पत्ति थियो । १२ वर्षको अबधिमा उनी अकल्पनीय रुपले टाट पल्टिएका छन् ।

दाजुभाईको सम्वन्ध चिसिएपछि दाजुभाईमा खासै सरसल्लाह हुँदाको परिणाम यो अवस्थालाई मान्न सकिन्छ । सन्तान जन्मदा बाबुआमा त खुसी हुन्छन् नै भाईको आगमनले दाजुलाई झनै हर्ष मान्नु पर्दछ । रगतको सम्वन्ध, संघर्षका साधक, सुखदुखका पल, एउटा परिवारमा दाजुभाईले व्यतित गरेको हुन्छ । बुवाको मेहनत र संघर्ष, आमाको मायालाई बाल्यकालदेखि नियालेको हुन्छन् । सुताई सँगै, उठाई सँगै, स्कुल सँगै स्कुलको होमवर्क दाजुले सिकाई दिएको क्षण दाजुभाईका सम्वन्धभित्र पर्दछन् । भाई अनिललाई दिनप्रतिदिन ऋणको बोझले थिचिरहेको थियो । अदालतले भाईलाई ऋण नतिरे जेल जानु पर्नेसम्मको अवस्था आउँदा दाजु मुकेश अम्वानीले पुरानो तिक्तता र मनमुटाब बिर्सेर अनिलको साढे ५ अर्व भारु तिरिदिए र भाईलाई जेल जानबाट जोगाए ।

यसले धनाढ्य दाजुभाईको सम्वन्धमा नयाँ बहार आयो । दाईले ऋण तिरिदिएपछि सन्तोषको सास फेर्दै अनिलले वक्तव्य मार्फत् भनेका थिए । कठिन समयमा मैले परिवारबाट सहयोग पाएको छु । जतिबेला मलाई सबैभन्दा बढी सहयोग चाहिएको थियो मेरो परिवार मेरो लागि अगाडि सर्यो । यसले हाम्रो परिवारको दह्रो मूल्य मान्यतालाई दर्शाउँछ भनिरहँदा परिवारको साथले उनीमा ऊर्जा ल्याएको थियो । हौसला र साहस परिवारको साथले हुने गर्दछ ।

विश्वका धनाढ्यका सूचीमा पर्न सक्ने धिरुभाई अम्वानीका दुई छोरा जसले बाबुको नामलाई उच्च बनाएका थिए । बाबुको कर्मलाई सार्थक पार्दै व्यावसायिक सफलता प्राप्त गर्नु बाबुको शिक्षालाई मान्नु पर्दछ । समाजमा हेर्दा अनिल र मुकेश अम्वानीमात्र हैन सम्पत्तिको कारणले तिक्तता आउने धेरै त्यस्ता परिवार, दाजुभाई होलान् जसले सम्पत्तिको कारणले मेलमिलाप हुन सकेको छैन । जुन परिवारमा सम्पत्ति छैन त्यो परिवारमा मेलमिलाप छ । सुखसँगै दुख बाँडेका छन् एक आपसमा रमाएका छन् । तर सम्पत्ति नै त्यो चिज हो, जसले परिवारमा तिक्तता ल्याई दिन्छ । दाजुभाईको सम्वन्ध मेटाई दिन्छ ।

हामीले महत्व परिवारलाई दिने हो भने सम्पत्ति महत्वपूर्ण चिज नवन्न सक्छ । परिवारको शक्ति जस्तो सम्पत्ति सायदै हुन सक्दैन । हिन्दीमा भनाई छ - 'भाईफुटे गवार लुटे' । यो भनाई यत्तिकै आएको हैन यसमा यथार्थता छ त्यसैले पनि धेरै प्रचलनमा रहेको छ ।

जीवनमा सम्पत्ति आवश्यक होला तर, सम्पत्तिभन्दा पहिला हाम्रो सम्वन्ध बनेको हुन्छ । जब हामी सानो हुन्छौँ, हामीलाई सम्पत्तिभन्दा सम्वन्ध ठूलो लाग्छ । जब हाम्रो मानसिकता बढ्छ अनि हामीलाई सम्वन्धभन्दा सम्पत्ति महत्वपूर्ण लाग्छ । सम्पत्ति जति धेरै आर्जन हुन्छ ,हाम्रो सम्वन्धमा त्यति नै दुरी कायम हुन्छ । सम्वन्धहरु हामी पैसामा तुलना गर्न थाल्छौँ ।आफूभन्दा कम आर्थिक हैसियत भएकालाई आफ्नो मान्छे भन्न सरम लाग्छ । हिजोसँगै बिताएका पलहरु भुलेर आफ्नो हैसियत ठूलो भएकोमा अहमता अपनाउँछौँ । सानो घर भएकासँग मन पनि सानो गर्छौँ । सम्वन्ध भवनसँग तुलना गर्दछौँ । मन, भावनाभन्दा पनि भवनले मानिसको परिचय बनाउने हाम्रो समाज भएको छ । बुवा मलाई ठूलो मान्छे बन्नु भनेर आशिर्वाद नदिनु है किनकी मलाई मेरो भाईसँग खेल्न अझै पुगेको छैन । सुखदुख अझै झेल्न पुगेको छैन । तर, हामी ठूलो भयो भने त भाई र म छुट्टिएर बस्नुपर्छ । अंशबण्डा गरी फुटेर बस्नु पर्छ ।भाई मसँग बोल्दैन, मनको कुरा उसले खोल्दैन , ऊ र मसँगै घुम्न पाउदैनौं । गीत गाउदैं झुम्न पाइदैन, मेरो कुरा उसलाई मन पर्दैन, उसको कुरा मलाई मन पर्दैन । ऊ बस्ने ठाउँ मलाई टेक्न मन लाग्दैन, म उसको घर अगाडी हिडेको उसलाई मन लाग्दैन , त्यसैले बुवा यो दशैमा मलाई ठूलो मान्छे हैन सानै मान्छे बनिरहनु भनेर आशिर्वाद दिनु है !

# डा.केसी र सरकारबीच भएको सहमतिलाई कांग्रेसले गऱ्यो स्वागत

*झापा (प्रस) ।* नेपाली कांग्रेसले डा. गोविन्द केसी र संघीय सरकारबीच भएको सहमतिलाई स्वागत गरेको छ । मध्यरातमा गरिएको ८ बुँदे सहमति ईमान्दार ढंगले कार्यान्वयन गर्दै अघि बढ्न नेपाली कांग्रेसले वर्तमान सरकारलाई सार्वजनिक रुपले आग्रह गरेको छ ।

सहमतिलाई सकारात्मक रूपमा लिएको बताउँदै कांग्रेसका सूचना, संचार तथा प्रचार विभाग प्रमुख एवं प्रवक्ता विश्वप्रकाश शर्माले विगतमा सहमति उल्लंघन गरिएको नजीर दृष्टिगत गर्दै खबरदारी जारी राख्न अपील गरेका हुन्।'डा. के.सी.ले अघि सार्नुभएका मुद्दाप्रति वर्तमान सरकारको रवैया शुरुआत देखिनै पूर्वाग्रहपूर्ण थियो। जुम्ला अनशनपछि काठमाडौं आइपुग्दा दुर्व्यवहारपूर्ण व्यवहारदेखि वार्ता नै नगर्ने हठसम्म प्रस्तुत गर्ने सरकार चौतर्फी दबाबपछि अन्ततः वार्ता समिति बनाउँदै सहमतिमा पुगेको छ।' आइतबार जारी विज्ञप्तिमा भनिएको छ,'सहमतिलाई हामीले सकारात्मक रूपमा लिएका छौं। तर विगतमा सहमति उल्लंघन गरिएको नजीर दृष्टिगत गर्दै खबरदारी जारी राख्न सबैमा अपील गर्दछौं।'

वर्तमान प्रधानमन्त्रीको अग्रसरतामा ०७५ साउन १० गते डा. के.सी.सँग गरिएको सहमति सोही वर्षको माघ महिनामा सरकारले उल्लंघन गरेको भएको कांग्रेसको ठहर छ । नेपाली कांग्रेसको नेतृत्वमा रहेको अघिल्लो सरकारले डा. के.सीका मागहरू पूरा गर्दै जारी गरेको अध्यादेश विस्थापित गर्नु र डा. के.सीसँगको अघिल्लो सहमति उल्लंघन गर्नुको कारण पछिल्लो द्वन्द्व सृजना भएको




विज्ञप्तिमा उल्लेख छ । डा. केसी र सरकारबीच मध्यरातमा ८ बुँदे सहमति भएसँगै आज बिहान साढे ९ बजे पत्रकार सम्मेलन गरेर उनले अनसन अन्त्य गरेका छन्। डा. केसीले कोरोना संक्रमण भएर निको भएका त्रिवि शिक्षण अस्पतालका सफाइ कर्मचारी विकास नेपालीको हातबाट जुस पिएर अनसन तोडेका थिए ।

**यस्तो छ डा. केसीसँग सहमति**

पहिलो बुँदामा सरकारी मेडिकल कलेज तथा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना सम्बन्धमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा आवश्यक सम्पूर्ण भौतिक पूर्वाधार एवं जनशक्तिको प्रबन्ध गरी आउँदो शैक्षिक सत्रदेखि एमबीबीएसलगायत शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सहमति भएको छ। कैलालीको गेटामा सरकारी मेडिकल कलेज स्थापना र पूर्वाधार निर्माण ८० प्रतिशत पूरा भइसकेको अवस्थामा कलेज सञ्चालनका लागि कानुनी व्यवस्थाका लागि मन्त्रिपरिषद्समक्ष रहेको एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठानसम्बन्धी विधेयकलाई हिउँदे अधिवेशनमा संघीय संसद्मा पेस गरिने भएको छ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले फागुन १० गतेभित्रै एमबीबीएसलगायत शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सहमति भएको छ। बर्दिबास मेडिकल कलेज र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पूर्वाधार विकासलाई तीव्रता दिइने सहमति गरिएको छ। डोटी वा डडेलधुरा र इलाम वा पाँचथरमा सरकारी मेडिकल कलेज खोल्न भएको सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार एक वर्षभित्र आगामी कार्य प्रक्रिया अघि बढाउने सहमति छ।

दोस्रो बुँदामा कोभिड-१९ को उचित व्यवस्थापनका लागि पीसीआर परीक्षण विस्तार गर्ने साथै कोभिड तथा अन्य रोगको उचित उपचारका लागि आवश्यकताअनुसार सरकारी अस्पतालमा क्षमता विस्तार गर्ने सहमति गरिएको छ तेस्रो बुँदामा बयलपाटा अस्पतालमा निःशुल्क स्वास्थ्य सेवाप्रवाह गर्न बजेटको व्यवस्था गर्ने रहेको छ।

चौथो बुँदाअन्तर्गत विश्वविद्यालय र प्रतिष्ठान पदाधिकारी नियुक्तिका लागि पदाधिकारी मापदण्ड निर्धारण समिति तथा कार्यदलले दिएको सुझावअनुरुप निष्पक्ष र पारदर्शी ढंगले पदाधिकारी नियुक्त गर्ने कानुनी व्यवस्था गर्न प्रस्तावित उच्च शिक्षासम्बन्धी विधेयक र एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठानसम्बन्धी विधेयकमा उक्त सुझावहरूलाई समेट्न तीन साताभित्र मस्यौदा तयार गर्ने रहेको छ। उक्त कानुनी व्यवस्था नहुन्जेल वरिष्ठता र कार्यक्षमतालाई आधार मानी पदाधिकारी नियुक्ति गर्ने सहमति भएको छ।

पाँचौं नम्बरमा सरकार र डा. केसीबीच २०७५ साउन १० मा भएको सम्झौताअनुसार छुट भएका विषयलाई समेत सोही कार्यदलको क्षेत्राधिकारअन्तर्गत राख्ने उल्लेख छ। स्नातकोत्तरको सिट विभाजन सम्बन्धमा चिकित्सा शिक्षा आयोगको परामर्शमा वैज्ञानिक एवं न्यायोचित अनुपात कायम हुने गरी पुनरावलोकन गर्ने रहेको छ। ६ नम्बर बुँदामा सम्बन्धित निकायहरूलाई सहयोग गर्ने, ७ नम्बर बुँदामा सहमतिमा उल्लेख भएका बुँदाहरुको कार्यान्वयन सरकार सम्बद्ध निकायहरुले गर्ने भनिएको छ। ८ नम्बर बुँदामा शनिबारदेखि डा. केसीले अनशन अन्त्य गर्ने उल्लेख छ।

# गाडी फिर्ता गराउन नेकपाले दियो निर्देशन



*बुधबारे (प्रस) ।* बुद्धशान्ति गाउँपालिकाले कोरोना कहरका बेला महँगो मूल्य हालेर किनेको गाडी फिर्ता गराउन नेकपाले जनप्रतिनिधिलाई निर्देशन दिएको छ ।

गाउँपालिकाले हालै ७० लाख रुपैयाँको सवारी साधन किनेको थियो । कुबेलामा गाडी किनेको भनेर चौतर्फी विरोध समेत भएको थियो ।

नेकपा बुद्धशान्ति गाउँपालिका स्थानीय तह परिचालन विभागको आइतवार बसेको बैठकले गाडी फिर्ता गराउन निर्देशन दिएको हो ।

पार्टीका गाउँपालिका अध्यक्ष टिका पाठक, सचिव प्रेम नेम्वाङ, गाउँपालिकाकी उपाध्यक्ष मीरा भूर्तेल, पार्टीबाट निर्वाचित वडाध्यक्षहरु लगायतको उस्थिति रहेको बैठकले विवादास्पद गाडी खरिद विषयमा लामो छलफल गरेको थियो ।

बैठकका निर्णयहरु सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्दै नेकपा बुद्धशान्तिका इञ्चार्ज रोशन तिम्सिनाले लेखेका छन्-'पार्टीको गाउँ परिषद् र कार्यपालिकाको निर्णय विपरीत महँगो गाडी खरिद गरी ल्याइएको हुँदा उक्त गाडी फिर्ता गराउन पार्टी मातहतका जनप्रतिनिधिहरुलाई निर्देशन गर्ने निर्णय गरिएको छ ।'

बैठकले सो गाडी गाउँपालिकाकी उपाध्यक्ष मीरा भूर्तेलका लागि ल्याएको भनेर गरिएको प्रचारको खण्डन गरेको छ ।

नेकपा बुद्धशान्तिका नेता चन्द्र कोइरालाले पार्टीले गरेको निर्णय स्वागतयोग्य भएको बताएका छन् । 'हामीले पहिल्यैदेखि यसरी महँगो गाडी किन्नु ठिक हुँदैन भन्दै आएका थियौं' उनले भने-'ढिलै भए पनि पार्टीले गाडी फिर्ता गर्ने निर्णय गरेको छ, यो राम्रो भयो ।'

## मोरङमा ...

समेत अवलम्वन गर्न खोजेका छौं ।'

अपांगतामैत्री संरचना नहुँदा घरपरिवार, कार्यालय, संघसंस्था, सार्वजनिक यातायात, शिक्षालयलगायतका स्थान मात्र होइन, कोभिडजस्ता संक्रामक महामारी र अन्य विपद्को समयमा अपांगता भएका व्यक्तिले उपयुक्त हेरचाह र उपचार समेत पाउन नसकेको राष्ट्रिय अपांग महासंघ नेपालले जनाएको छ ।

दिगो विकास लक्ष्य नं. १० ले क्षमता र अवस्थाका आधारमा विकास र अवसरमा हुने असमानताको न्यूनीकरणमा जोड दिएको छ भने कोही पनि नछुटून् भन्ने मान्यतामा आधारित रहेको छ । नेपालको संविधानले अपांगता वा फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक सुरक्षाको जिम्मेवारी स्थानीय सरकारको सरोकारको विषयको रुपमा किटान गरेको छ । 'त्यसैले पनि, स्थानीय तहहरुले अगुवाइ गरेको हात धुने महाअभियानमा अपांगता भएका व्यक्तिको सहभागितामा जोड दिइएको हो', पूर्ण सरसफाइ अभियान सहजीकरण गर्ने संस्था नारी विकास संघका टोली प्रमुख हिमांशु यादवको भनाइ छ, 'सामाजिक आर्थिक रुपमा वञ्चितीमा पारिएका सीमान्तकृतको सहभागितामा विशेष जोड दिइएको छ ।'

राष्ट्रिय जनगणना २०६८ अनुसार कूल जनसंख्याको करिब २ प्रतिशतमा कुनै न कुनै प्रकारको अपांगता रहेको छ । पूर्ण सरसफाइ अभियानको क्रममा मोरङ जिल्लाका बेलबारी, जहदा, रंगेली र रतुवामाई नगरपालिकामा लिइएको घरधुरी विस्तृत तथ्यांक अनुसार ३.८६ प्रतिशतमा अपांगता रहेको छ। यसमध्ये सबैभन्दा धेरै शारीरिक अपांगता (हिडडुल गर्न कठिन हुने) रहेको छ भने दृष्टिविहिन र बहिराको संख्या समेत करिब १० प्रतिशतको हाराहारीमा छ । तथ्यांक लिइएका २२ हजार ५ सय घरधुरी मध्ये ८ सय ६८ घरधुरीमा कुनै न कुनै किसिमको अपांगता भएका सदस्यहरु रहेका छन् ।

जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति मोरङको तथ्यांक अनुसार ती घरधुरीमध्ये १ सय ११ घरधुरीमा मात्र आफ्नो घरको अपांगता भएको सदस्यले सहजै प्रयोग गर्न मिल्ने शौचालय सुविधा रहेको छ । काठमाण्डौं विश्वविद्यालय, अपांगता अध्ययन केन्द्रको तथ्यांक अनुसार मोरङ जिल्लामा कूल जनसंख्याको १.७७ प्रतिशत अर्थात् १७ हजार ५३ जना कुनै न कुनै अपांगता भएका व्यक्तिहरु रहेका छन् । यसमध्ये ६ हजार २९ जना शारीरिक अपांगता भएका रहेका छन् ।

'खुल्लादिसा मुक्त अभियानका क्रममा कतिपय घरायसी चर्पीहरु अपाांग मैत्री नबन्दा त्यस परिवारमा अपांगता भएका सदस्यहरुले उचित प्रयोग गर्न नसकेको पाइएको छ', पूर्ण सरसफाइ अभियान सहजीकरण गरिरहेको संस्था सामुदायिक विकास समाजका कार्यकारी निर्देशक गंगाप्रसाद यादव भन्छन् 'त्यो गल्ती पूर्ण सरसफाइ अभियानका क्रममा नदोहोरियोस् भन्ने कुरामा सचेत छौं ।'

**सबै स्थानीयतहमा जिल्लाको परिपत्र**

जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति मोरङको शुक्रबारको बैठकले जिल्लाका सम्पूर्ण घरधुरीमा साबुन पानीले हातधुने सुविधाको विस्तारका लागि घरधुरी केन्द्रित भएर साबुन पानीले हातधुने अभियान सञ्चालन गर्न सम्पूर्ण गाउँ/नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई परिपत्र गरेको छ ।

जिल्ला समन्वय समिति मोरङका प्रमुख एवम् समितिका अध्यक्ष नरेशप्रसाद पोखरेलको अध्यक्षतामा सम्पन्न बैठकले विश्व हातधुने दिवसको अवसरमा अक्टुबर १५ मा जिल्ला समन्वय समितिको प्रांगणमा साबुन पानीले हातधुने जिल्लाभर अभियान सञ्चालन गर्ने समेत निर्णय गरेको छ ।

बैठकमा ग्लोबल स्यानिटेसन फण्ड कार्यक्रमका साझेदार संस्थाहरु नारी विकास संघ र सामुदायिक विकास समाज, यूनिसेफ नेपालका साझेदार संस्थाहरु पानी वातावरण र जीवन संस्था, फरेन विराटनगर र नेपाल रेडक्रस सोसाइटीले सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि भैरहेका क्रियाकलापको बारेमा जानकारी गराएका थिए ।

यसैबीच, प्रदेश खानेपानी, सरसफाइतथा स्वच्छता (वास) क्लस्टरका सदस्य संस्थाको अनौपचारिक बैठकले प्रदेश -१ भर नै विश्व हातधुने दिवसको अवसरमा साबुनपानीले हातधुने अभ्यास गराउन र घरधुरी एवम् संस्थागत निकायहरुमा साबुनपानीले हातधुने निश्चित स्थानको व्यवस्था गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्नका लागि सहयोग एवम् समन्वय गर्ने निर्णय गरेको छ । क्लस्टर सदस्य संस्थाहरुको बिहीबारको बैठकले सबै जिल्लाका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र जिल्ला तहका वास क्लस्टरसँगको समन्वयमा हातधुने अभियान सञ्चालन गर्ने निर्णय गरेको क्लस्टरका सहसंयोजक तथा यू.एन. ह्याबिट्याटको जिल्ला संयोजक शर्माले जानकारी दिए ।


नेपाल सरकार
प्रदेश नं. १
बिर्तामोड नगरपालिका
पशुपंक्षी, मत्स्य विकास शाखा, झापा
०२३-५४६६७३

**प्रस्ताव आह्वान सम्बन्धी सुचना**

प्रथम पटक प्रकाशित मिति: २०७७/०६/२०

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम आ.व. ०७७/०७८ अनुसार नगर प्रमुख पकेट प्याकेज कार्यक्रम अन्तर्गत बंगुर तथा बाखा साटासाट कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७७/०७/०५ सम्ममा) रित पुर्वक प्रस्ताव पेश गराउनुहुन यस नगरपालिका क्षेत्र भित्रका पशुपालक कृषकहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरू :**

१. आवेदन ( कार्यालयको ढाँचा बमोजिमको आवेदन)
२. वडा कार्यालयको सिफारिस
३. कार्यक्रममा सहभागी हुने कृषक सदस्यको धनीपुर्जाको छायाँकपी
४. नगरिकताको छायाँकपी
५. दर्ता भए प्रमाण पत्रको छायाँकपी
६. समुहको विधानको छायाँकपी
७. समुहको कार्यक्रम माग सम्बन्धी निर्णयको छायाँकपी

**नोट: आवेदन फारम समुहगत रूपमा पेश गर्नुपर्नेछ , व्यक्तिगन आवेदन स्वीकार्य हुनेछैन ।**

**- गणेशप्रसाद दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**



प्रतिदिन वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७७६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रूफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation Illustration Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४



राशिफल

**मेष** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ ।
**वृष** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ ।
**मिथुन** : आर्थिक लेनदेनमा समस्या हुन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।
**कर्कट** : आज आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।
**सिंह** : आज महिलावर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ ।
**कन्या** : लगनशीलताले कामहरू अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।
**तुला** : आफन्तका बीचमा खटपट र शङ्का उब्जन सक्छ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला ।
**वृश्चिक** : धार्मिक कार्यमा सरिक भाईनेछ । आफनतले साथ र सहयोग र समर्थन प्रदान गर्नेछन् ।
**धनु** : शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।
**मकर** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ ।
**कुम्भ** : दैनिक कार्यमा सफलता पाईनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुची बढ्नेछ ।
**मीन** : आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ ।